# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५४५ मिति :- २०६७/५/१८

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सबै कार्यालयहरू तथा इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरू ।

**विषय :- सुन आयातमा पूर्ण प्रतिवन्ध लगाइएको सम्बन्धमा ।**

महाशय,

नेपाल सरकार, अर्थ मन्त्रालय, राजश्व महाशाखाको पत्रसंख्याः २०६७।६८ च.नं. १५८ मिति २०६७।५।१८ को पत्र मार्फत बाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. ५१ मितिः २०६७।५।१७ को पत्रबाट निकाशी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी अर्को व्यवस्था नभएसम्म २०६७ भदौ १८ गतेदेखि सुन (भंसार शिर्षक ७१.०८) को आयातमा पूर्ण प्रतिवन्ध लगाउने गरी नेपाल सरकार (मा. मन्त्रिस्तर) बाट निर्णय भएको भनी सो अनुसार तुरुन्त आवश्यक कार्यान्वयनका लागि लेखी आएकोले सोही वमोजिम गर्न/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौं ।
५ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री बैंक सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ, टेकु, काठमाण्डौ ।
११. श्री नेपाल उद्योग परिसंघ, टेकु, काठमाण्डौ ।
१२. श्री नेपाल सुन चाँदी व्यवसायी संघ, क्षेत्रपाटी, काठमाण्डौं ।
१३. श्री नेपाल रत्न तथा आभूषण संघ, गणबहाल, काठमाण्डौं ।
१४. श्री नेपाल सुन चाँदी कला व्यवसायी संघ, डिल्लीबजार, काठमाण्डौ ।